**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 25.05.2026**

## १) राष्ट्रपति द्रौपदी मुर्मुको तीन दिने सिक्किम भ्रमण

राष्ट्रपति द्रौपदी मुर्मु तीन दिने आधिकारिक भ्रमण अन्तर्गत आज राजधानी गान्तोक आइपुग्नुभएको छ। गान्तोकको लिबिंग आर्मी हेलिप्याडमा राष्ट्रपतिलाई राज्यपाल ओम प्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङले स्वागत गर्नुभयो। सो अवसरमा सिक्किमका लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बाको पनि उपस्थिति रहेको थियो।

पछी फेरी राष्ट्रपति मुर्मूलाइ सिक्किम आगमनको अवसरमा लोकभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरले पुष्पगुच्छ र परम्परागत खादा अर्पण गरेर भव्य अभिनंदन गर्नुभयो। यस क्रममा राज्यपालले, राष्ट्रपतिको यो सिक्किम भ्रमण सम्पूर्ण राज्य र सिक्किमे जनताका लागि अत्यन्तै गौरवपूर्ण क्षण रहेको बताउँदै हार्दिकशुभभकामना प्रकट गर्नुभयो

आफ्नो भ्रमणको सुरुवात गर्दै राष्ट्रपतिले आज गान्तोक स्थित ओर्कीडेरियम को भ्रमण गर्नुभयो, यस अवसरमा राष्ट्रपतिले राज्य सरकारद्वारा यस ठाउँमा बिकसित गरिएका पूर्वाधारहरुको खुलेर प्रशंसा गर्नुभयो। राष्ट्रपतिले आजनै नामग्याल इन्स्टिच्युट अफ टिबेटोलोजीको पनि भ्रमण गर्नुहुने कार्यक्रम रहेको थियो ।

भोलि राष्ट्रपति मुर्मुद्वारा नाथुला क्षेत्रको भ्रमण गर्ने कार्यक्रम रहेको छ, यसपछि उहाँले गान्तोकको मनन केन्द्रमा आयोजना हुने सिक्किम विश्वविद्यालयको सातौँ दीक्षान्त समारोहमा मुख्य अतिथिको रूपमा सहभागी बन्नुहुनेछ । उहाँको भ्रमण आगामी २८ मई सम्म निर्धारित छ

## २ ) <u>राज्यपाल र न्यायाधीश श्रीमती मीनाक्षी मदन राईज्यूबीच भेट</u>

लोकभवनमा आज सिक्किम उच्च अदालतकी न्यायाधीश श्रीमती मीनाक्षी मदन राईले राज्यपाल ओम प्रकाश माथुर संग शिष्टाचार भेट गर्नुभयो। भेटका क्रममा सर्वोच्च अदालतको कलेजियमद्वारा श्रीमती मिनाक्षीमदनलाइ पटना उच्च अदालतको मुख्य न्यायाधीश मनोनित गरिएकोमा राजपालले बधाई एवं शुभकामना, व्यक्त दिनुभयो

यस अघि, श्रीमती राइले, आज बिहान मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ संग पनि भेट गर्नुभयो। पटना उच्च अदालतको मुख्य न्यायाधीशको रूपमा पदोन्नती र यो उच्च प्रतिष्ठित पदमा पुग्ने सिक्किमकी पहिलो महिला न्यायाधीश बन्नु अत्यन्तै गर्व र सम्मानको विषय हो भन्दै मुख्यमन्त्रीले न्यायपालिकाप्रतिको उहाँको समर्पण, निष्ठा र प्रतिष्ठित सेवाको उच्च प्रशंसा गर्नुभएको छसाथै उहाँलाई सिक्किम सरकार र जनताको तर्फबाट बधाई तथा शुभकामना व्यक्त गर्नुभयो।

## 3) <u>अपूर्व कुमार सिंहद्वारा (SIR) सम्बन्धी भिडियो कन्फरेन्स आयोजन</u>

भारतका निर्वाचन आयोगका उप-निर्देशक अपूर्व कुमार सिंहले आज बालुवाखानीस्थित सिक्किमका मुख्य निर्वाचन अधिकारीको कार्यालयबाट राज्यका छवटै जिल्लाका जिल्ला सूचना अधिकारीहरूसँग भिडियो कन्फरेन्सको माध्यमबाट सञ्चार र मिडिया सम्बन्धमा एक बैठक गर्नुभयो। उक्त बैठक मतदाता नामावलीको SIR का लागि तय गरिएको मानक सञ्चालन प्रक्रियामा केन्द्रित थियो।

उप-निर्देशकले सहभागीहरूलाई SIR प्रक्रियाका उद्देश्यहरूबारे जानकारी गराऊदै यसलाई सुचारु रूपमा सम्पन्न गर्न मिडियाको भूमिकाबारे प्रकाश पार्दै SIR प्रक्रियाबारेमा सन्तुलित र सही समाचार सम्प्रेषण गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

4) कुवेर भण्डारीद्वारा : केन्द्रीय मुख्य सूचना आयुक्तसंग भेटघाट ।

सिक्किमका मुख्य सूचना आयुक्त कुवेर भण्डारीले आज नयाँ दिल्लीमा केन्द्रीय सूचना आयोगका मुख्य सूचना आयुक्त राज कुमार गोयलसँग शिष्टाचार भेटघाट गर्नुभयो। भेटका क्रममा उहाँहरूबीच RTI ऐन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र भिडियो कन्फरेन्सिङमार्फत अनलाइन सुनुवाइ गरी न्यायमा नागरिकको पहुँचलाई अझ सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको जानकारी प्राप्त भएको छ ।

5)

**सिक्किमे प्रतिनिधिमण्डलद्वारा असमका राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसँग शिष्टाचार भेट**

सिक्किम राज्य सहकारी सङ्घका अध्यक्ष एवं उत्तर-पूर्व राज्य सहकारी सङ्घ मञ्चका मुख्य संयोजक डा. मङ्गल जित राईको नेतृत्वमा गएको एउटा प्रतिनिधिमण्डलले हिजो गुवाहाटी लोकभवनमा "सहकारी संवाद"विषयवस्तु अन्तर्गत, असमका राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसँग शिष्टाचार भेट गऱ्यो। भेटका क्रममा डा. राईले राज्यपाललाई भ्रमणको मुख्य उद्देश्य, क्षेत्रमा सहकारी कार्यलाई अझ बलियो र प्रवर्द्धन गर्न सहकारी सङ्घद्वारा भइरहेका विभिन्न पहल बारेमा विस्तृत जानकारी गराउनुभयो प्रतिनिधिमण्डलमा अरुणाचल प्रदेश र असमका उच्च पधाधिकारीहरु पनि सामेल थिए

6) पाक्योङ जिल्ला: COTPA

पाक्योङ जिल्लाको स्वास्थ्य तथा परिवार कल्याण विभागले पाक्योङ प्रहरी चौकी र माचोङ प्राथमिक स्वास्थ्य केन्द्र सँगको समन्वयमा माचोङ क्षेत्रमा चुरोट तथा अन्य सुर्तीजन्य पदार्थ ऐन COTPA , २००३ अन्तर्गत एक प्रवर्तन अभियान सञ्चालन गऱ्यो। यस अभियान अवधिमा स्थानीय शैक्षिक र व्याव्साहिक संस्थान अनुगमन गरिएको थियो।

COTPA ऐन मुताबिक  शैक्षिक संस्थाहरूको १०० गजको दायराभित्र खुला चुरोट र सुर्तीजन्य पदार्थको बिक्रीमा लगाइएको प्रतिबन्धको प्रावधान छ । अनुगमन टोलीले सार्वजनिक र व्यावसायिक प्रतिष्ठानहरूमा अनिवार्य रूपमा "धुम्रपान निषेध" अर्थात् No Smokingको साइनबोर्ड भएको या न भएको  सुनिश्चित गर्यो।